# भद्रपुर नगरपालिका

## स्थानीय राजपत्र

कोशी प्रदेश झापा नेपाल

भद्रपुर नगरपालिका, नगरकार्यपालिकाको कार्यालयद्धारा प्रकाशित

खण्ड ६ भद्रपुर, असार ३१ गते, २०८० साल, संख्या ६

भाग २

भद्रपुर नगरपालिका

नगरकार्यपालिकाको कार्यालयको सूचना

भद्रपुर नगरपालिकाबाट जारी भएको देहाय बमोजिमको कार्यविधि, सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

"भद्रपुर नगरपालिकाको स्थानीय सेवाको तहवृद्धि तथा बढुवा सम्बन्धी कार्यविधि, २०८०"

*स्वीकृत मिति २०८०/०३/०६*

*प्रमाणीकरण मिति २०८०/०३/०९*

## स्थानीय सेवाको तहवृद्धि तथा बढुवा सम्बन्धी कार्यविधि, २०८०

कोशी प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० बमोजिम भद्रपुर नगरपालिकाको स्थानीय सेवामा कार्यरत कर्मचारीहरुको तहवृद्धि सम्बन्धि कामकाजलाई व्यवस्थित गर्न वाञ्छनीय भएकाले,स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश,२०८० को दफा १५४ ले दिएको अधिकार प्रयोग गरी भद्रपुर नगर कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यो कार्यविधिको नाम "स्थानीय सेवाको तहवृद्धि तथा बढुवा सम्बन्धी कार्यविधि, २०८०" हुनेछ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भए पश्चात भद्रपुर नगरपालिका, झापामा लागू हुनेछ।

२. **परिभाषा**: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(१) "अध्यादेश" भन्नाले कोशी प्रदेश सरकारबाट जारी भएको स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० लाई सम्झनुपर्दछ।

(२) "कर्मचारी" भन्नाले भद्रपुर नगरपालिकाको स्थानीय सेवाको पदमा बहालमा रहेको जुनसुकै कर्मचारी कर्मचारीलाई सम्झनुपर्दछ।

(२) "कार्यालय" भन्नाले भद्रपुर नगरपालिका कार्यपालिकाको कार्यालय, झापालाई सम्झनुपर्दछ।

(३) "नगरपालिका" भन्नाले भद्रपुर नगरपालिका, झापालाई सम्झनुपर्दछ।

(४)"नगरकार्यपालिका" भन्नाले भद्रपुर नगरकार्यपालिकालाई सम्झनुपर्दछ।

(५) "प्रदेश लोक सेवा आयोग" भन्नाले कोशी प्रदेशको प्रदेश लोकसेवा आयोग, विराटनगरलाई सम्झनुपर्दछ।

(६) "अख्तियारवाला" भन्नाले नियुक्ति, पदस्थापना, तह बृद्धी तथा बढुवा गर्न सक्ने पदाधिकारीलाई सम्झनु पर्दछ।

३.**सूचना प्रकाशन गर्नुपर्ने**: (१) अध्यादेश बमोजिम नगरपालिकाको स्थानीय सेवामा कार्यरत कर्मचारीको तह वृद्धिका लागि समितिले प्रत्येक वर्षको असार महिना तथा पौष महिनाको पहिलो हप्ताभित्र तहवृद्धिका लागि सम्भाव्य उम्मेद्वारहरुका लागि कम्तिमा १५ दिनको म्याद दिई दरखास्त आह्वान सम्बन्धि सूचना प्रकाशन गर्नुपर्नेछ

(२) उपदफा (१) बमोजिम प्रकाशित सूचना नगरपालिकाको सूचनापाटी, सबै वडा कार्यालयहरुको सूचनापाटी, नगरपालिकाको वेभसाइटमा प्रकाशन गर्नुपर्नेछ।

गणेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

(३) उपदफा (२) बमोजिम प्रकाशित सूचनामा अध्यादेशको दफा २८ बमोजिम संलग्न गर्नुपर्ने देहायका कागजातहरु पेश गर्ने गरी सूचना प्रकाशित गरिने छ।

क. न्यूनतम शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपी ,

ख. सुरु नियुक्ति प्रमाणित प्रतिलिपी,

ग. हालको पदमा नियुक्ति प्रमाणित प्रतिलिपी,

घ. अन्य कार्यालयबाट समायोजन भई आएको भए सोको समायोजन पत्र र रमाना पत्रको प्रमाणित प्रतिलिपी ।

४. **समिति गठन गर्नुपर्ने**: (१) अध्यादेश बमोजिम तहवृद्धि गर्ने प्रयोजनका लागि प्रत्येक आर्थिक वर्षमा अध्यादेशको दफा २८ को उपदफा (३) बमोजिम देहाय अनुसारको तह वृद्धि तथा बढुवा सिफारिस समिति गठन गर्नुपर्नेछ।

क. प्रमुख प्रशासकीय अधिकृत ....................................अध्यक्ष

ख. कार्यपालिकाले तोकेको बरिष्ठ महिला कर्मचारी ..................सदस्य

ग. कार्यपालिकाले तोकेको बरिष्ठ पुरुष कर्मचारी .....................सदस्य

(२) उपदफा (१) बमोजिम गठित समितिको सचिवालयको रुपमा कार्यालयको कर्मचारी प्रशासन हेर्ने शाखाले काम गर्नेछ।

(३) समितिले आफ्नो बैठकमा कर्मचारी प्रशासन हेर्ने शाखाको प्रमुख तथा अन्य कर्मचारीलाई आमन्त्रण गर्न सक्नेछ।

(४) समितिको बैठक सम्बन्धि कार्यविधि समिति आफैँले निर्धारण गरे बमोजिम हुनेछ।

**५. आवश्यक न्यूनतम् योग्ता र सेवा अवधि -**

१.अध्यादेशको दफा २८ र २९ को अधिनमा रहि तह बृद्धी तथा बढुवा हुने पदका लागि देहाय बमोजिमको शैक्षिक योग्यता र सेवा अवधि कायम गरिनेछ ।

गणेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

क.

| क्र.स. | हालको तह | तह बृद्धी हुने तह | न्यूनतम शैक्षिक योग्यता | |
|---|---|---|---|---|
| | | | स्वास्थ्य सेवा बाहेकका अन्य स्थानिय सेवा | स्थानिय स्वास्थ्य सेवा |
| १. | पाँचौ | छैटौ | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तिमा प्रविणता प्रमाणपत्र तह वा कक्षा १२ उर्तिण | स्वास्थ्य सेवा सम्बन्धि संघिय कानूनले तोकेको न्यूनतम् शैक्षिक योग्यता |
| २. | सातौ | आठौ | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तिमा स्नातक तह उर्तिण | स्वास्थ्य सेवा सम्बन्धि संघिय कानूनले तोकेको न्यूनतम् शैक्षिक योग्यता |
| ३. | नवौ | दशौ | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तिमा स्नातक तह उर्तिण | स्वास्थ्य सेवा सम्बन्धि संघिय कानूनले तोकेको न्यूनतम् शैक्षिक योग्यता |

ख.

| बढुवा हुने पद | बढुवा हुन लाग्ने अवधि | न्यूतम शैक्षिक योग्यता | |
|---|---|---|---|
| | | स्वास्थ्य सेवा बाहेकका अन्य सेवा | प्रदेश स्वास्थ्य सेवा |
| अधिकृत एघारौ | अधिकृत दशौ तहमा कम्तिमा ३ वर्ष सेवा अवधि पुरा गरेको | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तिमा स्नातकोत्तर तह उर्तिण | स्वास्थ्य सेवा सम्बन्धि संघिय कानूनले तोकेको न्यूनतम् शैक्षिक योग्यता |
| अधिकृत नवौ | अधिकृत अठौ तहमा कम्तिमा ३ वर्ष सेवा अवधि पुरा गरेको | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तिमा स्नातक तह उर्तिण | स्वास्थ्य सेवा सम्बन्धि संघिय कानूनले तोकेको न्यूनतम् शैक्षिक योग्यता |
| अधिकृत सातौ | अधिकृत छैटौ तहमा कम्तिमा ३ वर्ष सेवा अवधि पुरा गरेको | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तिमा प्रमाणपत्र तह वा सो सरह उर्तिण गरेको | स्वास्थ्य सेवा सम्बन्धि संघिय कानूनले तोकेको न्यूनतम् शैक्षिक योग्यता |
| सहायक पाचौं | सहायक चौथो तहमा कम्तिमा ३ वर्ष सेवा | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तिमा एस.ई.ई. वा सो सरह उर्तिण | स्वास्थ्य सेवा सम्बन्धि संघिय कानूनले तोकेको न्यूनतम् |

गणेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

| | | | | |
|---|---|---|---|---|
| | अवधि पुरा गरेको | गरेको | | शैक्षिक योग्यता |

६. दरखास्त दिने: (१) दफा ३ बमोजिम प्रकाशित सूचनाको म्याद भित्र तहवृद्धिका लागि सम्भाव्य उम्मेद्वारहरुले अनुसुची १ को ढाँचामा कार्यालयमा दरखास्त दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम दरखास्त पेश गर्दा देहायका कागजातहरु संलग्न गर्नुपर्नेछः

क. पछिल्लो ३ वर्षको कार्यसम्पादन मूल्याङ्कन फारामको सक्कल प्रति,

ख. सेवा अवधि प्रमाणित भएको कार्यालयको पत्र,

ग. तोकिएको शैक्षिक योग्यताको लब्धांक तथा चारित्रिक प्रमाणपत्रको उम्मेद्वार स्वयंले प्रमाणित गरेको छायाँप्रति,

घ. गयल कट्टी नभएको, सेवा निरन्तरता रहेको, विभागीय कारबाहीमा नपरेको, अध्ययन/ असाधारण विदामा नबसेको प्रमाणित हुने कार्यालयको पत्र,

ङ. पेसा सम्बन्धि व्यवसायी परिषद्ले उपलब्ध गराउने प्रमाणपत्रको उम्मेद्वार स्वयंले प्रमाणित गरेको छायाँप्रति (आवश्यक हुनेका हकमा),

च. समितिले तोके अनुसार सूचनामा माग भएका अन्य कागजातहरु ।

७. जाँचबुझ गर्ने: (१) दफा ६ बमोजिम प्राप्त दरखास्त तथा अन्य कागजातहरु समितिले जाँचबुझ गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम कागजात जाँच गर्दा कुनै उम्मेद्वारको तहवृद्धिका लागि आवश्यक पर्ने आधारभुत कागजात नपुगेको देखिएमा तत्काल सम्बन्धित कर्मचारीलाई जानकारी गराई उक्त कागजात पेश गर्न बढीमा ३ दिनको समय दिनुपर्नेछ ।

तर, उम्मेद्वारले छुटेको कुनै कागजात पेश गर्दा दरखास्त पेश गर्ने अन्तिम मिति भित्र जारी भएका कागजात वा प्रमाणपत्र मात्र पेश गर्न सक्नेछ । दरखास्त पेश गर्ने अन्तिम मिति पछि जारी भएका कागजात वा प्रमाणपत्रलाई समितिले मान्यता दिनुहुनेछैन ।

८. सिफारिस गर्ने: (१) दफा ७ बमोजिम दरखास्त फारम तथा अन्य कागजात जाँचबुझ गर्दा निम्न बमोजिम मापदण्ड पुरा भएको देखिएमा समितिले कर्मचारीको तहवृद्धिका लागि सिफारिस गर्नुपर्नेछः

गणेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

क. पछिल्लो तीन वर्षको कार्यसम्पादन मूल्याङ्कनमा औषतमा नब्बे प्रतिशत भन्दा बढी अंक प्राप्त गरेको,

ख. अध्यादेशको दफा २८ को उपदफा (१) तथा दफा २९ को उपदफा (१) बमोजिमको शैक्षिक योग्यता हासिल गरेको,

ग. नसिहतको सजाय पाएको भए सो सजाय पाएको एक वर्ष पुरा भएको, तलबवृद्धि वा बढुवा रोक्का भएको भए सो अवधि पुरा भएको,

घ. असाधारण विदामा नबसेको,

ङ. निलम्बनमा नभएको,

च. पेसा सम्बन्धि व्यवसायी परिषद्ले उपलब्ध गराउने प्रमाणपत्रको अवधि नसकिएको (आवश्यक हुनेको हकमा)

(२) उपदफा (१) बमोजिम सिफारिस गर्दा कुनै उम्मेद्वार तहवृद्धिका लागि सिफारिस नभएमा तहवृद्धिका लागि सिफारिस नहुनाको कारण जनाई निजलाई जानकारी गराउनुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम सिफारिस गर्दा तहवृद्धि हुने पद, तह, सेवा, समूह, ज्येष्ठता लागू हुने मिति समेत खुलाई सिफारिस गर्नुपर्नेछ ।

९. <u>तहवृद्धिको पत्र दिने</u>: (१) दफा ८ बमोजिम सिफारिस भएका कर्मचारीलाई सिफारिस भएको ७ दिन भित्र प्रमुख प्रशासकीय अधिकृतले अनुसूची २ बमोजिमको ढाँचामा तहवृद्धि भएको पत्र दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको पत्र दिंदा मन्त्रालय, प्रदेश किताबखाना, प्रदेश लोक सेवा आयोग, कार्यालयको कर्मचारी प्रशासन हेर्ने शाखा तथा आर्थिक प्रशासन शाखालाई समेत बोधार्थ दिनुपर्नेछ ।

१०. **अन्य सेवाका कर्मचारी, चौथो तहका कर्मचारी र छैटौं तहका कर्मचारीहरुको तहवृद्धि सम्बन्धि विशेष व्यवस्था**: (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि अध्यादेशको दफा ४ को उपदफा (५) तथा दफा ८ को उपदफा (१६) बमोजिम निजामति सेवा बाहेक अन्य सेवाबाट नगरपालिकामा नवौं तहसम्मको समान तहमा समायोजन भई अध्यादेश जारी हुँदाका बखत सम्म तहवृद्धि नभएको, सहायकस्तर चौथो तहको पदमा समायोजन भई अध्यादेश जारी हुँदाका बखतसम्म पाँच वर्ष सेवा अवधि पुरा भएका र संघीय लोक सेवा आयोगबाट छैटौं तहमा सिफारिस भई नियुक्ती भएका कर्मचारीहरुको तहवृद्धिका लागि देहाय अनुसार कार्यालयले निर्णय गरी हाल वहालमा रहेको तहमा एक तह वृद्धि गरी तहवृद्धि सम्बन्धि पत्र दिनुपर्नेछ ।

गणेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

(क) अध्यादेशको दफा ८ (१४) बमोजिम चौथो तहका सहायक कम्प्युटर अपरेटर पदमा कार्यरत कर्मचारीको प्रशासकीय अधिकृतले तह बृद्धीको निर्णय गरी नियुक्तिपत्र दिनेछ।

(ख) अध्यादेशको दफा ८ (१६) बमोजिम निजामति सेवा बाहेक अन्य सेवाबाट स्थानिय तहमा समायोजन भई सेवा अवधि ५ वर्ष पुरा गरेका पाँचौ, सातौ र नवौ तहमा कार्यरत कर्मचारीलाई अध्यादेशको दफा २८ बमोजिमको प्रक्रिया पुरा गरी क्रमश छैटौ, आठौ र दशौ तहमा एक तह बृद्धी गिरने छ।

(ग) अध्यादेशको दफा (८) को उपदफा १६ बमोजिम अधिकृत स्तर सातौं र नवौं तहका पदहरुमा अध्यादेशको दफा २९मा उल्लेख भएको शैक्षिक योग्यता र सेवा अवधि पुरा भएको भए सोही दफाको प्रक्रिया पुरा गरी बढुवा समितिले बढुवा गर्नेछ।

(घ) संघिय लोकसेवा आयोगबाट खुल्ला प्रतियोगात्मक परिक्षाद्धारा स्थानिय सेवाको छैटौ तहको पदमा सिफारिस भई नियुक्ति समेत भई सकेका कर्मचारीलाई स्थानिय सेवाको सातौ तहका लागि आवश्यक न्यूनतम् शैक्षिक योग्यता पुगेको भएमा अख्तियारवाले सातौं तह कायम गरी दिने। यसरी सातौं तह कायम गर्नु पूर्व संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी संगठन संरचना तथा दरबन्दी स्वीकृत गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि अध्यादेको दफा ३१ बमोजिम देहायको अवस्था र अवधिभर बढुवाका लागि सम्भाव्य उमेरद्वार हुन पाउने छैन र उक्त अवधिभर निजको तह वृद्धि समेत रोक्का रहने छ।

क.निलम्बन भएकोमा निलम्वन भएको अवधिभर,

ख. तहबृद्धी वा बढुवा रोक्का भएकोमा तहबृद्धी वा बढुवा रोक्का भएको अवधिभर ,

ग. तलव बृद्धी रोक्का भएकोमा तलव बृद्धी रोक्का भएको अवधिभर ,

घ. अध्यादेशको दफा ४२ बमोजिम सेवा समूह परिवर्तन गरेको कर्मचारी भएको भए त्यसरी सेवा समूह परिवर्तन भएको मितिले ३ वर्षको अवधिभर ,

ङ. असाधारण वा अध्ययन बिदामा बसेकोमा सो बिदाको अवधिभर ,

च. स्थानिय स्वास्थ्य सेवाको कर्मचारीको हकमा प्रचलित कानून बमोजिम गठन भएको स्वास्थ्य सम्बन्धि व्यवसायिक परिषदमा नाम दर्ता निलम्वन भएको भए त्यस्तो निलम्वनको अवधिभर

(३) उपदफा (१) बमोजिम तहवृद्धिका लागि सम्भाव्य कर्मचारीले यो कार्यविधि जारी भएपछि सूचनाको म्याद भित्र समायोजन भएको पत्र तथा हालको पदमा नियुक्ति भएको नियुक्ती पत्र सहित निवेदन दिनुपर्नेछ। प्राप्त निवेदन बमोजिम उपदफा (२) को अवस्थामा नरहेको देखिएमा कार्यालयले निर्णय गरी ३ दिन भित्र तहवृद्धिको पत्र दिनुपर्नेछ।

गणेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

"यस दफाको प्रयोजनका लागि तहवृद्धि भन्नाले हाल बहालमा रहेको तह भन्दा एक तह माथिको तहमा हुने वृद्धिलाई सम्झनुपर्नेछ।"

११. **ज्येष्ठता गणना**: (१) अध्यादेश बमोजिम तहवृद्धि हुने कर्मचारीको जेष्ठता गणना गर्दा तह वृद्धि भएको वा नभएको दुवै अवस्थामा समायोजन हुँदाको सेवा समूहको पदमा स्थायी नियुक्ती वा बढुवा पाएको मितिबाट कायम हुने गरी जेष्ठता गणना गरिनेछ। तर, संघीय लोक सेवा आयोगबाट छैठौं तहको पदमा सिफारिस भई नियुक्ती भएको कर्मचारीको जेष्ठता गणना गर्दा छैठौं तहको पदमा नियुक्ती पाएको मितिबाट कायम हुने गरी सेवा अवधि गणना गरिनेछ।

१२. **पदनाम**: (१) यस कार्यविधि बमोजिम तहवृद्धि हुने पदको पदनाम अध्यादेश बमोजिम नगर कार्यपालिकाले बनाउने नियमावली बमोजिम हुनेछ।

तर, नियमावली नबनेसम्म तहवृद्धि हुनु भन्दा तत्काल अघि कायम रहेको (हाल बहालमा रहेको) पदनाम पछाडी कोष्ठकमा तहवृद्धि भई कायम भएको तह लेख्नुपर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सहायकस्तर पाचौं तहबाट अधिकृतस्तर छैठौं तहमा वृद्धि हुने स्थानीय तहको सेवाका कर्मचारीको पदनाममा अधिकृतस्तर भन्ने पदनाम कायम गर्न सकिनेछ।

१३. **तहवृद्धि भएका कर्मचारीको सेवा, सुविधा**: (१) यस कार्यविधि बमोजिम तहवृद्धि भएका कर्मचारीले तहवृद्धिका लागि सिफारिस भएको मितिदेखि लागू हुने गरी वृद्धि भएको तहको सेवा सुविधा प्राप्त गर्नेछन्।

१४. **अभिलेख राख्नुपर्ने**: (१) यस कार्यविधि बमोजिम तहवृद्धि हुने कर्मचारीहरुको अभिलेख कार्यालयले दुरुस्त राख्नुपर्नेछ र तालुक निकायबाट माग भएको बखत तत्काल उपलब्ध गराउनुपर्नेछ।

१५. **सुविधा दिन सक्ने** - साविकका स्थानिय निकायबाट स्थानिय तहमा समायोजन भएका अस्थायी तथा करार कर्मचारीहरुलाई १० वर्ष बढी सेवा अवधी भए सेवा छाडि अलग हुँदा कार्यपालिकाले निणर्य गरी पुरस्कार वापत एकमुष्ठ रकम उपलब्ध गराउन सक्नेछ साथै कर्मचारीहरुका तर्फबाट १०% र नगरपालिकाकोतर्फबाट २१% थप गरी सामाजिक सुरक्षा कोष मार्फत सेवा सुविधा दिन बाधा पर्ने छैन।

१६. **कामकाजमा खटिएका कर्मचारी सम्बन्धि व्यवस्था** -कोशी प्रदेश बाहिर कामकाजमा खटिएका तर कोशी प्रदेश अन्तरगत दरबन्दी भएका कर्मचारीको दरबन्दी भएको

गणेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

स्थानिय तहमा तह बृद्धी हुने, एक स्थानिय तहबाट अर्को स्थानिय तहमा खटिएका कर्मचारीका हकमा दरबन्दी रहेको वा पदाधिकार रहेको कार्यालयमा तह बृद्धी गरिने छ।

१७. **उजुरी दिन सक्ने** - तह बृद्धीको निणर्य उपर चित्त नबुझेमा सूचना प्रकाशन भएका मितिले २१ दिनभित्र कोशी प्रदेशलोकसेवा आयोगमा उजुरी वा गुनासो गर्न सकिने छ।

१८. **प्रचलित कानून बमोजिम हुने** - यस कार्यविधमा उल्लेख भएको विषयमा यसै कार्यविधि बमोजिम र अन्य विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

**बाधा अड्काउ फुकाउने-** (१) यस कार्यविधिको कार्यन्वयनमा कुनै बाधा अड्काउ उत्पन्न भएमा बाधा अड्काउ फुकाउने अधिकार प्रदेश लोकसेवा आयोगको परामर्शमा भद्रपुर नगरकार्यपालिकामा रहने छ।

(२) यो कार्यविधि प्रचलित संघीय कानून तथा प्रदेश कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ।

गणेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

अनुसुची १
(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

**भद्रपुर नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

भद्रपुर, झापा, कोशी प्रदेश

(तहवृद्धि आवेदन फाराम)

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू
भद्रपुर नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
भद्रपुर झापा

**विषय - तह बृद्धी / बढुवा गरी पाउँ ।**

महोदय
यस कार्यालयबाट मिति ..........................मा प्रकाशित सूचना अनुसार निम्न विवरण उल्लेख गरी निवेदन पेश गरेको छु ।नियामानुसार तह बृद्धी / बढुवा गरी पाउँ ।

३. सेवाको विवरणः (शुरुदेखि हालसम्मको)

| | पदको नाम, श्रेणी/तह, सेवा, समूह/उपसमूह | कार्यालयको नाम | नियुक्ती वा बढुवा मिति | ल रहेको मिति | | साधारण विदा बसेको भए सोको अवधि | | कसरी आएको ा, बढुवा, समायोजन/सरुवा) | स्थायी नियुक्ती गर्ने कार्यालय | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |

२. हालको तहमा वा समायोजन हुनु भन्दा पहिलाको समान तहको पदमा तहवृद्धिको लागि आवेदन दिन पाउने अन्तिम मितिमा पुग्ने अवधि.......................वर्ष, ..........महिना, .............दिन

३. तहवृद्धिका लागि योग्य भए/नभएको अवस्थाः

क. विभागीय कारबाही भएको/नभएको .........................

भएको भए कुन कारबाही भएको हो? सकिने अवधि उल्लेख गर्नुहोस........................

गणेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

ख.  अध्यादेशको दफा २८ बमोजिम तह वृद्धि हुने पदका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता हासिल गरेको/नगरेको....................

ग.  असाधारण/ अध्ययन विदामा बसेको/नबसेको ......................

बसेको भए सोको अवधि उल्लेख गर्नुहोस............................

घ.  निलम्बनमा परेको/नपरेको..................................

ङ.  पेशासँग सम्बन्धित व्यवसायी परिषद्को प्रमाणपत्रको अवधिः......................

| ल्याप्चे सहीछाप | |
|---|---|
| दायाँ | बायाँ |
| | |

४.  माथि उल्लेखित विवरण ठीक छ । झुट्टा ठहरे कानून बमोजिम सहुँला/बुझाउँला भनी सहीछाप गर्नेः

कर्मचारीको नाम,थर ..........................

संकेत नं .........................................

पद...........................................

सही र मितिः.................................

गणेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

तहवृद्धिको निर्णय ( कार्यालयको प्रयोजनका लागि )

अनुसुची २

(दफा ८ को उपदफा (१) सँग सम्बन्धित)

(कार्यालयको लेटर हेड)

**क. संघीय लोकसेवा आयोगबाट छैठौं तहमा सिफारिस भई आउने कर्मचारीका लागि**

**मितिः** ..............

**विषय**: तह वृद्धि /बढुवा सम्बन्धमा ।

महाशय,

स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० को दफा ........... बमोजिम सिफारिस समितिको मिति ........ गतेको सिफारिस अनुसार तपाईलाई देहाय बमोजिम तह वृद्धि गरी तह मिलान गरिएको छ। तहवृद्धि/बढुवा भएको पदको ज्येष्ठता प्रचलित कानून वा कार्यविधि बमोजिम मिति............................बमोजिम हुनेछ ।

तह वृद्धि हुनु भएकोमा बधाई छ।

| **हालको पद,तह, सेवा/समूह, कार्यालय** | **तह मिलान भएको पद,तह, सेवा/समूह, कार्यालय** |
|---|---|
| पदः<br>तहः<br>सेवा/समूहः<br>कार्यालयः | पदः<br>तहः<br>सेवा/समूहः<br>कार्यालयः |

गणेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

......................................

प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौं ।

श्री निजामति किताबखाना हरिहर भवन ललितपुर

श्री प्रदेश किताबखाना कोशी प्रदेश विराटनगर ।

श्री लोक सेवा आयोग, केन्द्रीय कार्यालय, अनामनगर, काठमाडौं।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश, विराटनगर ।

श्री प्रदेश लोक सेवा आयोग, कोशी प्रदेश, विराटनगर।

श्री कर्मचारी संचयकोष, ठमेल, काठमाडौं/विराटनगर ।

श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर, काठमाडौं/विराटनगर ।

श्री आर्थिक प्रशासन शाखा, भद्रपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, झापा ।

गणेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

ख. अन्य सेवाबाट समायोजन भई आउने कर्मचारीका लागि

मितिः .............

विषयः तह वृद्धि सम्बन्धमा।

महाशय,

स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० को दफा ............ बमोजिम सिफारिस समितिको मिति ........ गतेको सिफारिस अनुसार तपाईलाई देहाय बमोजिम तह वृद्धि गरिएको छ। तहवृद्धि भएको पदको ज्येष्ठता प्रचलित कानून बमोजिम हुनेछ।

तह वृद्धि हुनु भएकोमा बधाई छ।

| हालको पद,तह, सेवा/समूह, कार्यालय | तह भएको पद,तह, सेवा/समूह, कार्यालय |
|---|---|
| पदः<br>तहः<br>सेवा/समूहः<br>कार्यालयः | पदः<br>तहः<br>सेवा/समूहः<br>कार्यालयः |

श्री ...............

(संकेत नं.......)

**बोधार्थः**

श्री लोक सेवा आयोग, केन्द्रीय कार्यालय, अनामनगर, काठमाडौं।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश, विराटनगर।

श्री प्रदेश लोक सेवा आयोग, कोशी प्रदेश, विराटनगर।

श्री कर्मचारी संचयकोष, ठमेल, काठमाडौं।

श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर, काठमाडौं।

श्री आर्थिक प्रशासन शाखा, भद्रपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, झापा।

भवेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

आज्ञाले

टेककुमार रेग्मी

प्रमुख प्रशासकीय अधिकृत

गणेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका